# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, माघ १८ गते २०३३ साल [संख्या ४१


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २७ (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनअन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाहरू देहायका अधिकृतहरूद्वारा तहकिकात भएकोमा देहायबमोजिमको अदालतमा दायर गरिने गरी अदालत तोकिदिएको छ।

देहाय

१. वागमती अञ्चलमा जुनसुकै अधिकृतद्वारा तहकिकात गरिएकोमा वागमती विशेष अदालतमा।

२. अरू अञ्चलमा विशेष प्रहरी विभागका विशेष प्रहरी अधिकृत वा स्थाई विशेष प्रहरी अधिकृतद्वारा तहकिकात गरिएकोमा वागमती विशेष अदालतमा वा सम्बन्धित अञ्चल अदालतमा।

३. अञ्चलाधीश वा निजले खटाएका विशेष प्रहरी अधिकृत वा स्थाई विशेष प्रहरी अधिकृत तोकिएको स्थानीय अधिकृतले तहकिकात गरेको भए सम्बन्धित अञ्चल अदालतमा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड १७ मिति फागुन २८ गते २०२४ साल संख्या ४७ खण्ड १८ मिति वैशाख १७ गते २०२५ साल अतिरिक्ताङ्क २ र खण्ड १८ मिति फागुन ६ गते २०२५ साल संख्या ४४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको उक्त ऐनको उक्त दफा अनुसार अदालत तोकिएको सूचनाहरू खारेज गरिएका छन्।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।